मध्यपुर ठिमी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

परीक्षा व्यवस्थापन प्रणाली ( कक्षा -८ ) २०७६ सम्बन्धी प्रतिबेदन

१. पृष्ठभूमि

२०७२ सालमा हालको संबिधान जारी भएबाट नै माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको अधिकार स्थानीय तहले पाएको छ । यो व्यवस्था पूर्व कक्षा ८ को परीक्षा साबिकको जिल्ला शिक्षा कार्यालय ( हाल: जिल्ला शिक्षा समन्वय इकाई ) ले लिदै आएको थियो । नगर भित्रको शिक्षा र परीक्षालाई व्यवस्थित गर्नका लागि श्रीमान् नगर प्रमुखज्युको अध्यक्षतामा नगर शिक्षा समिति र नगर शिक्षा समितिकै सदस्य श्री सूर्यबहादुर भण्डारीको संयोजकत्वमा नगर परीक्षा समिति समेत रहँदै आएको छ ।

संबिधानद्वारा प्रदान गरिएको व्यवस्थालाई शिरोधार्य गर्दै यस पालिकाले पनि गत शैक्षिक सत्रबाट कक्षा ८ को परीक्षा नगरस्तरबाट लिंदै आएको छ भने कक्षा ५ को परीक्षा पनि उचित स्रोतसाधन र जनशक्तिको व्यवस्थापन पछि यथाशिघ्र पालिकाबाट लिने प्रबन्ध मिलाइनेछ । नगर क्षेत्र भित्र रहेका सबै विद्यालयहरूमा स्तरिकृत परीक्षाले शिक्षामा एकरुपता, विद्यालयहरू बीच आपसी समन्वयको वातावरण, स्वस्थ प्रतिस्पर्धा एवम् शैक्षिक जनशक्तिको गुणस्तरमा वृद्धि आउने बिश्वास लिइएको छ ।

परीक्षाको मूल उद्देश्य भनेको मूल्याङ्कन गर्नु हो। मूल्याङ्कन गर्नु अत्यन्तै संबेदनशील कार्य हो । त्यसैले परीक्षा सञ्चालन आफैमा अत्यन्त संबेदनशील कार्य हो। परीक्षा सञ्चालनका लागि विभिन्न विद्यालयगत रूपमा विद्यार्थी विवरणको प्राप्ति, आवश्यक स्रोत साधनको आँकलन, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन-व्यवस्थापन, उत्तरपुस्तिका परिक्षण-सम्परीक्षण, मार्क प्रविष्टि लगायत विभिन्न रुजु र त्यसको पुन प्रविष्टि गर्दै नतिजा प्रकाशन र प्रमाणपत्र निर्माण जस्ता संबेदनशील कार्यहरू पर्दछन। त्यसमा पनि प्रश्नपत्र निर्माण र मार्क प्रविष्टि कार्यमा अपनाउनु पर्ने गोपनियताको पक्ष अझ जटिल छ।

परीक्षा सन्चालन कार्यलाई सामान्यतया तिन भागमा बिभाजन गर्न सकिन्छ। परीक्षा पूर्व गरिने कार्य (Pre - Examination), परीक्षा सञ्चालन कार्य (Examination) र परीक्षा सञ्चालन पश्चात गरिने कार्य (Post - Examination) । यी तिनै भागमा भएको कार्यमा गोपनियता, गुणस्तर रूपमा सन्चालन गर्न उत्तिकै कठिन र जटिल एउटा पाटो छ भने राखिएको मार्क, र डाटाको integrity र भबिष्य सम्मको जवाफदेहिताको लागि ध्यान दिनु उत्तिकै आवश्यक मानिन्छ। तसर्थ सहज इन्ट्री प्रक्रिया, सहज सूचना प्रणाली, सहज व्यवस्थापन,नतिजा प्रकाशन गर्दै पुरक परीक्षा लगायत आगामी दिनमा पनि सेवाग्राहीलाई चुस्त सेवा प्रदान गर्नका लागि र योजना तर्जुमा गर्न आवश्यक सम्पूर्ण तथ्यांक र सूचकहरूको सहज उपलब्धताको लागि परीक्षा व्यवस्थापन प्रणाली आवश्यक रहेको छ।

यहि आवश्यकता लाई औंल्याउदै विभिन्न सफ्टवेयरहरूलाई नगर परीक्षा समितिमा प्रस्तुत गर्दा हाल राखिएको परीक्षा व्यवस्थापन प्रणालीले पालिकाको आवश्यकतालाई सम्बोधन गर्ने नगर परीक्षा समितिको निर्णय अनुसार यस बर्षको परीक्षा सम्बन्धी कार्य व्यवस्थापन गरियो ।

- परीक्षा व्यवस्थापन प्रणाली यसरि हेर्न सकिनेछ :
- www.emsmun.com मा जाने
- मध्यपुर ठिमी नगरपालिका सर्च गर्ने वा सोझैं http://103.69.126.56:8004/#/ बाट लगिन गर्न सकिने ।

## २. परीक्षा व्यवस्थापन प्रणालीको बिशेषता र सम्पादन गर्न सकिने कार्यहरू

सतही रुपले हेर्दा परीक्षा सञ्चालनको प्रक्रिया सामान्य लागे पनि यसका विभिन्न अवयव हरू छन्, सम्पूर्ण अवयवहरूलाई मध्यनजर गरि परीक्षा सञ्चालनका लागि परीक्षा नियन्त्रण कार्यालय (कक्षा-१०), सानोठिमी, भक्तपुरको कार्यविधिलाइ मुख्य आधार बनाइ यो सफ्टवेयरले तपसिलका कार्यहरू सम्पादन गर्दछ ।

**तपसिल:**

- पालिका भरि कक्षा ८ मा सञ्चालन भएका धारहरू ( साधारण , संस्कृत,गोम्पा तथा बिहार, मदरसा ) जस्ता धार हरूको विवरण तयार पार्ने ।
- विद्यालयगत रूपमा विद्यार्थीहरूको आवश्यक विवरणहरू तयार गर्ने, सङ्कलन गर्ने ।
- बिषय / धार र विद्यार्थीहरूको विवरण सफ्टवेयरमा प्रविष्टि गर्ने र दुरुस्त इन्ट्री भयो/भएन भन्ने निर्क्योल गर्न रुजु रिपोर्ट निकाली रुजु गर्ने ।
- परीक्षा केन्द्रहरू निर्धारण गर्ने/ केन्द्रगत कुनै विद्यालय छुटेको छ कि भन्ने सिस्टम बाट निर्क्योल गर्ने ।
- परीक्षा केन्द्रगत रूपमा कुन बिषयको कुन केन्द्रमा कति प्रश्नपत्र लगायत अन्य सामग्री आवश्यक हुन्छ त्यसको आकलन गर्न सिस्टम बाट sorting list निकाल्ने ।
- सिस्टमबाट केन्द्रगत रूपमा केन्द्राध्यक्ष लाइ रुजु गर्न विद्यार्थी सुची(control list ) प्रिन्ट गर्ने ।
- Sorting list अनुसार प्रश्नपत्र लगायत अन्य सामग्री को व्यवस्थापन गर्ने र केन्द्रहरूमा पठाउने ।
- केन्द्रगत/ विद्यालयगत मार्क इन्ट्री गर्न लाइ mark slip प्रिन्ट गर्ने र परिक्षण को लागि पठाउदा मार्क स्लिप पनि राखेर पठाउने । मार्क स्लिप ले परीक्षकलाई मार्क अभिलेखीकरण गर्न सजिलो मात्र गर्दैन कम्प्युटरमा इन्ट्री गर्न लाइ पनि उतिकै छिटो बनाउछ ।
- प्रयोगात्मक मार्क संकलन गरि विद्यालयगत इन्ट्री गराउने ।
- स्लिप बाट आएको मार्क लाइ इन्ट्री गराउने ।
- Tabulation report निकाल्ने र मार्क लाइ tabulate गरेर स्लिप संग manual रुजु गर्ने ।
- रुजु गर्दा सच्याउनु पर्ने मार्क हरू सच्याउने ।
- ग्रेडशिट र लेजर प्रिन्ट गर्ने, यसलाई विद्यालय गत प्रिन्ट गर्ने ।

- Retotalling को मार्क नया इन्ट्री गर्दा पहिले के थियो अहिले के भयो भन्ने निर्क्योल गर्ने, सिस्टमले ग्रेड परिबर्तन भएको नभएको आफै निकाल्छ।
- Cases Missing / नाम थर Edit को लागि निर्णय गर्ने , सिस्टम ले पहिले के थियो र अहिले के भयो राख्छ।
- ग्रेडबृद्दी परीक्षा पनि माथिको जस्तै गरि सञ्चालन गर्ने।
- यो प्रणाली Centralised Database System अनुसार सञ्चालन हुने भएकोले विद्यालयबाट गरिने सबै कार्यहरूका लागि पालिकासम्म आउन नपर्ने online नै गर्न सकिने ।

यस परीक्षा व्यवस्थापन प्रणालीका मूल बिशेषताहरू यस प्रकार छन्:

- प्रयोगकर्ता मैत्री।
- परीक्षा केन्द्रहरू तोकेर परीक्षा सञ्चालनको सहज व्यवस्थापन।
- प्रश्नपत्र कुन केन्द्रमा कुन बिषयको कति चाहिने भन्ने estimation सफ्टवेयर ले नै निकालिदिने।
- हरेक इन्ट्री गरेको रेकर्ड दुरुस्त छ छैन भनेर निर्क्योल गर्न रुजु गर्ने system सफ्टवेयरले नै निकलि दिने।
- मार्क इन्ट्री प्रक्रिया चुस्त बनाउन स्लिप सिस्टमले नै निकालि दिने।
- स्लिप इन्ट्री गर्दा सिम्बोल नम्बर राख्न नपर्ने।
- विद्यार्थीको सिम्बोल नम्बर र रजिस्ट्रेसन नम्बर सिस्टमले नै populate गर्ने।
- रजिस्ट्रेसन फारम र प्रवेश पत्र sytem ले नै प्रिन्ट गरिदिने।
- इन्ट्री गरिने मार्कहरूमा हरेक तहमा सिस्टमले आफै त्यसको validity जाँच गर्ने, जसले गर्दा पूर्णाङ्क भन्दा ज्यादा अङ्क कसैले झुकिएर इन्ट्री गरेमा सिस्टमले रुजु गर्ने।
- स्लिप इन्ट्री गर्दा परीक्षा सञ्चालनको अन्तरास्ट्रिय मान्यता अनुरुप २-Tab इन्ट्री गर्न पनि सकिने, यद्यपि २-tab इन्ट्री ऐच्छिक रहने।
- २-tab इन्ट्री गरेपछि mismatch रुजु system ले नै गर्ने ।
- Gradesheet/Ledger प्रिन्ट गर्न अन्त कतै जानु नपर्ने, गा.पा /न.पा मा भएको सामान्य प्रिन्टर बाटनै प्रिन्ट गर्न सकिने। प्रिन्ट गर्नलाई A4 पपेरमा नै लेजर को layout मिलाइएको।
- Modular संरचना भएकाले एकपटकमा सबै वा विद्यालयगत वा एक जना विद्यार्थीको मात्र पनि प्रिन्ट गर्न सकिने।
- कुन प्रयोग कर्ताले इन्ट्री गरेको/ कैले सच्याएको सम्पूर्ण विवरण system admin ले थाहा पाउने गरी audit table राखिएकोले पारदर्शिता र विश्वसनीयतामा पूर्ण रूपमा अब्बल रहने। system admin प्राबिधिक नै हुन नपर्ने, सामान्य कम्प्युटर चलाउने व्यक्तिले नै सम्पूर्ण परीक्षा प्रशासन सञ्चालन गर्न सक्ने।
- ग्रेड बृद्धि परीक्षा को सहज व्यवस्थापन।
- ग्रेड बृद्धि परीक्षामा पनि मूल परीक्षा जस्तै विधि अवलम्बन गर्न सकिने वा छोटो प्रक्रिया पनि अपनाउन सकिने।

- भविष्यमा हुन सक्ने बिषय परिबर्तन,थपघट लगायत धारहरूको व्यवस्थापन सहजै गर्न सकिने ।
- Security को लागि Spring Security model मा तयार पारिएको ।
- नाम/थर सच्याउनका लागि कुन निर्णयबाट सच्याइएको हो त्यो रेकर्ड जैले पनि हेर्न सकिने, पहिले के थियो अहिले के भयो, कुन मितिमा परिबर्तन गरेको हो र कसले गरेको हो भन्ने विवरण दुरुस्त रहने ।
- Data को स्वामित्व पूर्ण रुपमा नगरपालिका मै रहने जसले बर्षभरि नै gradesheet प्रतिलिपि/नामथर सच्याउने जस्ता सेवा प्रबाह सेवाग्राहीको आगमन संगै तुरन्तै गर्न सकिने ।
- डाटालाइ समय समयमा backup गरी सुरक्षित गर्न सकिने ।
- excel मा जस्तो data को सङ्ख्या बढ्दै गएपछि Hang हुने समस्या भोग्न नपर्ने ।
- पालिकाले आवश्यकता अनुसार मार्क प्रविष्टि कार्य आफैमा निहित राख्न सक्ने वा विद्यालयहरूलाई प्रत्यायोजन गर्न सक्ने ।
- विद्यालयहरूले आफ्नो लेजर प्रति डाउनलोड Online नै गर्न सक्ने ।
- विद्यार्थीहरूले आफ्नो नतिजा प्रकाशन Online बाटनै हेर्न सकिने ।

**३. पालिकाको यस बर्षको हालसम्मको अनुभव:**

२०७२ साल यता संबिधानले परीक्षा व्यवस्थापन गर्न सक्ने अधिकार प्रत्याभूत गरे तापनि यो पालिकाले कक्षा ८ को परीक्षा भने गत शैक्षिक सत्रबाट मात्र लिन सुरु गर्यो सो भन्दा अघि भने जिल्ला शिक्षा समन्वय इकाईबाट परीक्षा लिएर अभिलेख पालिकामा पठाउने अभ्यास रहेको थियो । पालिका भबिष्यसम्म जवाफदेही रहनुपर्ने, विद्यार्थीलाई आवश्यकता अनुसारको प्रतिलिपि तथा सिफारिस गर्नु पर्ने दायित्व पालिकाको रहेकोले अभिलेख ढड्डामा मात्र रहदा अन्त्यन्तै कठिनाई भोग्नुपरेको सन्दर्भमा यो बर्षबाट भने धेरै हदसम्म सहज महसुस गर्दै हालसम्मको अनुभव तपसिलका बुँदाहरूमा उल्लेख छ:

- यो बर्ष ५५ विद्यालयका १६५२ विद्यार्थीको परीक्षा व्यवस्थापन गरिएको ।
- विद्यार्थीको बिबरण फाराम मार्फत नभई online लिइएको र सिस्टमबाट नै फाराम प्रिन्ट गरिएको । यो सम्पूर्ण कार्य विद्यालयलबाट नै गरिएकोले विद्यार्थी, विद्यालय र पालिका सबैलाई सहज हुन गएको ।
- कामको बिभाजन हुन गई पालिकामा कम भार परेको साथै सबै विद्यालयलाई आफ्ना विद्यार्थीको मात्र नगन्य भार परेकोले Efficient र सहज व्यवस्थापन भएको । साथै फारम छाप्ने, ढुवानी, प्रविष्टि गराउने भारबाट पालिका मुक्त रहेकोले मितव्ययी हुन गएको ।
- विद्यार्थीको आंकडाका लागि मिहिन गणना गर्ने साबिकको कठिनाइ चिर्दै सम्पूर्ण तथ्याङ्क सिस्टमले नै दिएकोले छिटो छरितो हुन गई कर्मचारीहरूलाई थप उत्प्रेरणा प्राप्त भएको ।
- विद्यार्थीको प्रयोगात्मक अङ्क सम्बन्धित विद्यालयले प्रमाणित गरी online Entry भएको ।
- सिस्टमले साथै सहज म्यानुअल रुजु गर्ने व्यवस्था भएकोले त्रुटिहरू न्युन मात्रामा पाइएको ।

- परीक्षा केन्द्र भने नेपाल सरकारको तत्काले परीक्षा सञ्चालन गर्ने अनुरोध बमोजिम यो बर्ष नराखिएको ।
- सैदान्तिक मार्क प्रविष्टि, रुजु, सम्पूर्ण विद्यालयलाई नै प्रदान गरिएको । सफ्टवेयरमा प्रविष्टि भए लगतै पालिकाले प्राप्त गरेको ।
- नतिजा प्रकाशन, लेजर डाउनलोड, लगायत कार्य online मै भएकोले लकडाउन अवधिमा पनि सम्भव भएको
- बिगतमा झैं ग्रेडसिट प्रिन्ट कार्य प्रेसमा पठाउनु पर्ने नभई पालिकामा रहेको सामान्य प्रिन्टरबाट नै सञ्चालन गर्न सकिने रहेको, यद्यपी ग्रेडसिट छपाई कार्य भने बाँकी रहेको ।

## ४. सारांश:

सूचना प्रविधिको बढ्दो लोकप्रियता र समयको मागलाई मध्यनजर गर्दा परीक्षा व्यवस्थापन सूचना प्रविधिको प्रयोगबिना अत्यन्तै कठिन छ । कक्षा ८ सँगै आउने बर्षमा कक्षा ५ को पनि नगर स्तरीय स्तरिकृत परिक्षा सञ्चालन गरी यसरी नै सूचना प्रविधिको प्रयोग गर्न सकिने हुँदा सो समेतमा थप गृहकार्य गर्नु पर्ने देखिन्छ । यस सँगै काठमाडौं उपत्यका भित्रको नगरपालिका भएको हुनाले एक उदारहणीय व्यवस्थापन गर्नुपर्ने चुनौती आफैमा छ । सफ्टवेयर को प्रयोगले व्यवस्थापनमा चुस्तता, सहजता, साथै सुचनाको पहुँच समेतमा वृद्धि भएकोले आगामी दिनमा पनि सूचना प्रविधिमा जोड दिन सके थप पारदर्शिता, कर्यक्षमतामा उल्लेखनीय बढोत्तरी हुँदै सुशासनमा समेत टेवा पुग्ने निश्चित छ ।

TAX INVOICE

# Sustainable Technological Solutions

Madhyapur Thimi-3 Bhaktapur

Bill No. 006

Transaction Date (२०७७/०९/२८)

Issued Date २०७७/११/२८

TPIN No. 6 0 5 9 4 5 0 7 8

Buyer's Name नगर कार्यपालिकाको कार्यालय, म.थि. न.पा.

Address ठिमी, भक्तपुर

Buyer's TPIN No.

Mode of Payment **Cash/Cheque/Credit/Others**

| S.No. | Particulars | Qty. | Rate | Total Amount Rs. | Ps. |
|---|---|---|---|---|---|
| १. | कक्षा-८ को वार्षिक परीक्षा प्रणाली सफ्टवेयर | १. | ३,२५,०००/- | ३,२५,०००/- | |

In Words Rs. तिन लाख सतसट्ठी हजार दुई सय पचास रुपैंया मात्र।

| | |
|---|---|
| TOTAL | ३,२५,०००/- |
| Discount | — |
| Taxable Value | ३,२५,०००/- |
| 13% VAT | ४२,२५०/- |
| Grand Total | ३,६७,२५०/- |

For: Sustainable Technological Solutions

# सम्झौता पत्र

यस मध्यपुर थिमि नगरपालिकाको मिति २०७६।११।०२ गतेको निर्णय अनुसार कक्षा ८ को बार्षिक परिक्षा प्रणली सप्टवेयर सप्लाई गर्नको लागि यस मध्यपुर थिमि नगरपालिका (पहिलो पक्ष) र सस्टेनेवल टेक्नोलोजिकल प्रा.लि. म.थि.न.पा.३,भक्तपुर (दोश्रो पक्ष) बिच मिति २०७६।११।३०गतेका दिन देहाय बमोजिम शर्तहरुको पालना गर्ने गरी सम्झौता भयो।

**सम्झौताका शर्तहरु**

१.सम्झौता रकम (भ्याट समेत) रु, ३६७,२५०।-(तिन लाख सरसाठी हजार दुईसय पचास रुपैया मात्र) हुनेछ।

२.काम शुरु हुने मिति : २०७६।११।३०

३.काम सम्पन्न हुने मिति :२०७६।१२।३०

४.समयमा काम सम्पन्न नगरे वापत जरीवाना : ०.०५% (प्रति दिन)

६.भुक्तानीको तरिका : बिल प्राप्त भए अनुसार हुनेछ।

७.दोस्रो पक्षले सफटवेयर स्कुलहरुबाट बिबरण अनलाईन भर्ने मिल्ने हुनु पर्नेछ।

८.दोस्रो पक्षले न.पा. क्षेत्र भित्रको सबै स्कुलको प्रतिनिधि तथा न.पा. शिक्षा शाखाको कर्मचरीहरुलाई सफटवेयर संन्चालन सम्बन्धि आवश्यक तालिम निशुल्क प्रदान गर्नु पर्ने छ।

९.सफटवेयरमा कुनै समस्या तथा अन्य केहि भएमा न.पा.ले बोलाएको बेला दोस्रो पक्ष उपस्थित भै मर्मत सम्भार गरि दिनु पर्ने छ।

११.सफटवेयर प्रेत्क वर्ष अद्यावधिक गरे वापत प्रथम पक्षले दोस्रो पक्षलाई रु २५,०००।- (पचिस हजार रुपैया मात्र) भ्याट बाहेक दिनु पर्ने छ।

१२.दोश्रो पक्षले सम्झौता बमोजिमको गुणस्तरीय सफट वेयर सप्लाई नगरेमा वा आप्नो दायित्व पुरा नगरेको भने प्रथम पक्षलाई लागेमा जुनसुकै वखत सम्झौता रद्ध गर्न सक्नेछ। त्यसमा त्यसमा दोश्रो पक्षले कुनै दावि गर्न पाउने छैन।

१३.सरवरको व्यबस्था प्रथम पक्ष न.पा. आफैले व्यबस्था गर्ने छ।

**संलग्न कागजातहरु (निम्न कागजात यस संझौताको अंग मानिनेछ।**

१.दरभाउ पत्र

२.सम्झौताका शर्तहरु (Condition of contract)

३.स्पेशिफिकेशन

**पहिलो पक्ष**
सही
नाम :**केशब सिलवाल**
पद : **ब.का.अ.तथा महाशाखा प्रमुख**
छाप :
साक्षी (न.पा.को तर्फबाट)
नाम : **निरज चक्रधर**
ठेगाना :म.थि.न.पा.

केशव सिलवाल
वरिष्ठ कानुन अधिकृत, महाशाखा प्रमुख

**दोस्रो पक्ष**
सही:
नाम: **भुषण श्रेष्ठ**
पद: **प्रबन्ध निर्देशक**
SUSTAINABLE TECHNOLOGICAL SOLUTIONS
छाप :
साक्षी(ठेकेदारको तर्फबाट)
नाम:**नसिब आचार्य**
ठेगाना: सूर्यबिनायक न.पा.२
भक्तपुर

ईति सम्वत २०७६साल फागुन ३० गते रोज ६ शुभम।